Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
............. शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

पत्र संख्याः-
चलानी नम्बरः-

मितिः २०८०/०७/०२

**विषय : हार्दिक मंगलमय शुभकामना ।**

नेपालीहरुको महान् चाड विजया दशमी २०८० नेपालीहरुको घरआँगनमा आइसकेको छ । दशैं लगतै तिहार र छठ जस्ता चाडपर्वहरु पनि हामीमाझ आउने क्रममा रहेका छन् । यस्ता चाडपर्वहरु हर्ष उल्लासमय वातावरणमा मनाउने सिलसिलामा यसले हाम्रो सांस्कतिक मूल्यमान्यताहरुलाई स्थापित र परिस्कृत मात्र गर्दैनन् हाम्रो सांस्कृतिक परम्पराहरुलाई अन्तरपुस्ता हस्तान्तरण समेतमा उतिकै योगदान पुर्याइरहेका हुन्छन् । हाम्रा चाडपर्वहरु राष्ट्रिय पहिचान, एकता र गौरबका विषयहरु समेत हुन् ।

चाडपर्वहरुले हाम्रो समुदाय र सिंगो देशमा सामाजिक सौहार्द्रता र सद्भाव पस्कन सकोस्, देशमा नागरिकहरुले शान्ति सुरक्षा र अमयचयनको आत्मानुभूति गर्न सकुन्, तीन तहका सरकारहरुले अझ बढी प्रभावकारीतवरले कार्य गर्न सकून् तथा सवै संघसंस्था र निकायहरुले इमान्दारितापूर्वक सामाजिक न्यायको आधारमा कार्य सम्पादन गर्न प्रेरणा मिलोस् भनि शुभेच्छा प्रकट गर्दछु ।

यसै सन्दर्भमा विजया दशमी, शुभदीपावली र छठ पर्व २०८० को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पुर्ण बेसीशहर नगरबासी एवम् नेपालीहरुमा सुस्वास्थ्य, प्रगति, समृद्धि र सुखशान्तिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

.............................
गुमानसिंह अर्याल
नगरप्रमुख

गुमान सिंह अर्याल
नगर प्रमुख